FIFA WORLD CUP RUSSIA 2018




# इंग्ल्यान्ड पुग्यो अन्तिम चारमा

मस्को, (एजेन्सी)

स्वीडेनलाई २-० ले हराएपछि इंग्ल्यान्ड झण्डै तीन दशकमा पहिलोपटक विश्वकपको सेमिफाइनलमा पुगेको छ।

थ्री लायन्स उपनामले चर्चित इंग्ल्यान्डको जितमा ह्यारी मेगुर र डेली अलीले गोल गरेका हुन्। शनिबार जारी विश्वकपको तेस्रो क्वार्टरफाइनल खेलमा मेगुरेले हेड गोलमार्फत् इंग्ल्यान्डलाई अग्रता दिलाए। उनले ३०औं मिनेटमा कर्नर किक प्रहारमा हेड गर्दै क्लोज रेन्जमा गोल गरेका थिए। यो गोलले इंग्ल्यान्डलाई १९९० विश्वकपपछि अन्तिम चारमा पुऱ्याउने संकेत देखायो।

अलीले ५९औं मिनेटमा अग्रता दोब्बर पारेपछि ग्यारेथ साउथगेटको टोली अन्तिम चारमा पुग्ने पक्का बन्यो। अनमार्कमा रहेका अलीले जेसे लिन्गार्डको क्रसमा क्लोज रेन्जमा हेड गर्दै गोल गरेका थिए। उनले स्वीडेनको डिफेन्सलाई पुरै छक्याएर गोल गरेपछि यूकेमा रहेको करिब ३२ मिलियन इंग्लिस फ्यानले एकैचोटि खुसी मनाएको डेलीमेलले जनायो। फ्यानहरूले बियर हावामा फँयाकेर एक अर्कालाई छ्यापेर यो गोलको खुसी मनाए।



उता कोलम्बियाविरुद्ध पेनाल्टी शुटआउटमा नायक बनेका इंग्लयान्डका किपर जोर्डन पिक्फोर्डले पनि टोली जित्न सहयोग गरेका थिए। उनले स्विडेनको तीन डरलाग्दो प्रहारलाई गोल हुनबाट विफल बनाएका थिए। उनले मार्कस बर्गको हेडर, भिक्टोर क्लाइसनको प्रहारलाई रोकेका थिए। तर बर्गको प्रहार क्रसबारमाथिबाट गएको थियो। योसँगै स्वीडेनको यात्रा क्वार्टरफाइनलमै रोकियो।

### म्याच स्ट्याटस्

- स्वीडेनले इंग्ल्यान्डविरुद्धका अघिल्ला चारमध्ये यो समेत गरी तीन खेल हारेको।
- स्वीडेनविरुद्ध पछिल्ला गरिएका ११ गोलमा ६ गोल हेडमार्फत् भएको।
- इंग्ल्यान्डले जारी विश्वकपमा ११ गोल गरिसकेको छ। यसअघि १९६६ मा पनि त्यति नै गोल भएको।
- विश्वकपमा अली २२ वर्ष ८७ दिनमा गोल गर्दै इंग्ल्यान्डका लागि दोस्रो युवा खेलाडी बने।
- यसअघि माइकल ओवेनले १९९८ विश्वकपमा १८ वर्ष १९० दिनमा गोल गरेका थिए।



इंग्ल्यान्डले गोल गरेपछि इंग्लिस फ्यान खुसी मनाउँदै।

फुटबलको जन्मदाताको रूपमा परिचित इंग्ल्यान्डले १९६६ मा विश्वकप ट्रफी उचालेको थियो। त्यतिबेला इंग्ल्यान्डले पश्चिमी जर्मनीलाई हराएर उपाधि जितेपछि १९९० मा बल्ल सेमिफाइनलको यात्रा तय गरेको थियो। यो विश्वकपको सेमिफाइनलमा इंग्ल्यान्ड जर्मनीसँग पेनाल्टी सुटआउटमा पराजित भएको थियो। यो विश्वकपको उपाधि जर्मनीले जितेको थियो। यसपटक जर्मनी, अर्जेन्टिना, ब्राजिल हार्नेबित्तिकै इंग्ल्यान्डका पूर्वचर्चित खेलाडीहरूले यो विश्वकप इंग्ल्यान्डले जित्ने मौका आएको बताएका छन्। उनीहरूले इंग्ल्यान्डले यो मौका गुमाउन नहुने बताइरहेका छन्। यो जस्तो मौका फेरिफेरि नआउने पूर्वकप्तान गेरी लिनेकरले बताएका छन्।

पुरै खेलमा इंगलयान्ड स्वीडेनमाथि हाबी भएको थियो। स्वीडेनको तर्फबाट सात पटक गोलको प्रयास हुँदा एउटा पनि गोलमा परिणत भएन। उता इंगलयान्डले १२ प्रयासमा २ गोल गर्न सफल भयो। कर्नर किक पनि स्वीडेनले एक मात्र पायो भने इंग्ल्यान्डले ६ कर्नर पाएको थियो। फ्रिकिकमा पनि इंग्ल्यान्ड अगाडि रह्यो। १२ फ्रिकिक इंग्ल्यान्डले प्रहार गर्दा स्वीडेनले ८ फ्रिकिक पाएको थियो।




## बुफोन पीएसजी जाने



रोम, (एजेन्सी)

ईटालीका भेट्रान गोलरक्षक जियानलुन्गी बुफोन फ्रान्सको क्लब पेरिस सेन्ट जर्मेन (पीएसजी) जाने भएका छन्।

विश्वकै सर्वोत्कृष्ट मध्येका एक गोलकिपर बुफोन पेरिस आउन लागेको पीएसजीले जनाएको हो। ४० वर्षीय बुफोनले पीएसजीसँग १ वर्षको सम्झौता गरेका हुन्। उक्त सम्झौतामा १२ महिना थप्न सक्ने विकल्प पनि उल्लेख छ। सन् २००१ मा सिरि ए क्लब युभेन्टससँग आवद्ध भएका उनी १७ वर्षपछि लिग वान क्लब पीएसजी जाने भएका हुन्।

युभेन्ट्सलाई उनले ९ वटा सिरि ए उपाधि दिलाएका थिए। उनले युभेन्ट्सबाट ६ सय ५६ खेल खेलेका छन्। इटालीले सन् २००६ को जर्मनी भएको फिफा विश्वकप चौथोपटक उचाल्दा उनी टिमका प्रमुख सदस्य थिए।


क्वार्टरफाइनल खेल हारेपछि ब्राजिली खेलाडी मैदानमा निराश भएका थिए।

## टिट्स बिट्स

## ब्राजिली कोचको खेलाडीमाथि दोष



मस्को, (एजेन्सी)

ब्राजिल बेल्जियमसँग हारेपछि कोच टिटेले आफ्ना खेलाडीले खेल जित्नका लागि नखेलेको बताएका छन्। ब्राजिली मेनेजरले बताए कि उनीहरूले आफूले जुन आशा गरेको थियो त्यसअनुसार नखेलेको प्रतिक्रिया दिए। शुक्रबार राति भएको खेलमा ब्राजिल क्वार्टरफाइनलमा २-१ ले हारेको थियो। यो जितसँगै बेल्जियम ३२ वर्षपछि विश्वकपको सेमिफाइनलमा पुगेको छ।

टिटेले भाग्यलाई पनि दोष नदिइ बताए- 'फुटबलमा केही पनि स्थायी हुँदैन। तर मलाई यहाँ भाग्यको कुरा गर्न पनि राम्रो लाग्दैन। यदि हामी भाग्यको कुरा गर्छौं भने विपक्षी टोलीको प्रदर्शनलाई कमजोर आँकेको भन्ने सरह हुन्छ। म भाग्यमा विश्वास गर्दिनँ।' कोर्टिसले राम्रो खेलेका थिए। उनले राम्रो बचाउ गरेका थिए। उनको सानदार बचाउमा कसैले केही गर्न सक्दैनन्। बेल्जियमले ज्यादै प्रतिस्पर्धी र प्रभावशाली खेल देखायो।

## गल्तीले फायर अलार्म बज्दा

मस्को, (एजेन्सी)

रुसमा भइरहेको विश्वकपअन्तर्गत क्वार्टरफाइनल खेलअगाडि स्वीडेनका खेलाडीले अनौठो स्थितिको सामना गर्नुपऱ्यो। उनीहरू बसेको होटलमा गल्तीले फायर अलार्म बज्दा होटल खालि गराउनुपरेको थियो। स्वीडेन र इंग्ल्यान्डबीच समारामा क्वार्टरफाइनल खेल थियो। तर बिहान बजेको अलार्मले खेलाडीहरूलाई सबेरै उठाएको थियो। बसेको कोठा पनि खालि गरियो। पछि गल्तीले फायर अलार्म बजेको थियो। होटलमा आगलागीजस्तो कुनै घटना भएको थिएन। त्यसो केही नभएपछि स्वीडेनका खेलाडी फेरि सुत्न गएका थिए।

## नताल्या फेरि चर्चामा

मस्को, (एजेन्सी)

विश्वकपमा सबैभन्दा चर्चित र हटेस्ट फ्यान नताल्या निमचिनोभा फेरि एकपटक चर्चामा आएकी छन्। नताल्याले आफ्नो फुटबल फ्यानलाई एउटा ठूलै उपहार दिने घोषणा गरेपछि चर्चित बनिन्। उनले यदि रुसले विश्वकप जितेमा हट फोटो सुट गराउने बताएकी छिन्। तर उनले यसका लागि शर्त पनि जारी गरेकी छिन्।

उनले बताइन कि रुसका पुरै फुटबल टिम उनको साथ फोटो सुटमा भाग लिएमा हट फोटो सुट गराउनेछिन्। नताल्याले एक ब्लगर फ्योडोर मेसलोभको एक प्रश्नमा उक्त कुरा भनेकी हुन्।

रुस सरकारले विश्वकपका लागि सुपर मोडल भिक्टोरिया लोपीरेभालाई ब्रान्ड एम्बासेडर बनाएको थियो। तर जबदेखि प्रतियोगिताको उद्घाटन समारोह भयो त्यतिबेलादेखि नताल्याको चर्चा चल्न थाल्यो। उनले उद्घाटन समारोहमा फुटबलका सानदार गोलकिपर इकेर कासिलाससँग भाग लिएकी थिइन्।

नताल्याको फोटो देखेर मान्छेहरूले उनलाई पोर्न चलचित्रमा काम गरेको पत्ता लगाएका थिए। तर नताल्याले भने खुलासा गरिन् कि उनी कहिल्यै पोर्न स्टार बनेकी छैनन्। जुन भिडियो हालै सार्वजनिक भयो।त्यो उनका पूर्वप्रेमीले छल गरेर लिक गरेको बताएकी थिइन्। उनले बताइन् कि कहिल्यै पैसाका लागि लुगा फुकालेकी छैनन् खालि शोखका लागि मोडलिङ गरेकी, बाँकी सबै हल्ला हो।